Journal of Fine Arts Campus, 2021 Volume 3 Issue 1

Peer Reviewed Research Article

Open Access

# संगीत शास्त्र तथा प्रयोगको दृष्टिमा राग बसन्तको अध्ययन

पार्वती घिमिरे[1]*

[1]Lecturer of Music at Lalitkala Campus, Tribhuvan University

*Corresponding Author: gparu09@gmail.com

**Citation:** घिमिरे, पार्वती (2021). संगीत शास्त्र तथा प्रयोगको दृष्टिमा राग बसन्तको अध्ययन, *Journal of Fine arts Campus*, *3*(1), 73-79.

**लेखसार**: वसंत ऋतुमा धेरै प्रस्तुत गरिने ऋतुकालीन राग बसंत प्रचीनकालदेखि वर्तमानसम्म संगीतका शास्त्रग्रन्थहरुमा उल्लेखित छ साथै प्रयोगात्मक रुपमा पनि प्रचलित छ । प्रस्तुत अध्ययनको मुख्य उदेश्य संगीत शिक्षक, विद्यार्थी, आलोचक, समालोचक तथा शास्त्रीय संगीतका पारखीहरुलाई राग वसन्तको फराकिलो क्षेत्र दर्शन गराई राग ज्ञानको भण्डार बढाउनु हो । विभिन्न संगीत शास्त्र ग्रन्थहहरुको अध्ययन, संगीतका विद्वान कलाकारहरुसँग राग चर्चा, रेकर्डेड राग वसन्तको श्रवण आदि स्रोतहरुद्वारा तथ्यांक संकलन गरि प्रस्तुत अध्ययनमा विश्लेषण गरिएको छ । यस किसिमको राग अध्ययनको प्रयोग मुख्य रुपमा संगीतका विद्यार्थीरुलाई सही शिक्षा दिन, राग चिन्तन तथा ज्ञानको क्षेत्र बढाउन, रागलाई लोप हुनबाट बचाई जीवित राख्नको लागि हुन्छ । प्रस्तुत अध्ययनद्वारा राग वसन्तको अध्ययन गर्दा अलग अलग स्वर प्रयोग भएको भेटियो ।

***शब्दकुन्जि:*** राग, बसन्त, ग्रामराग–देशी राग, रागरागिनी, रागलक्षण ।

## परिचय

राग संगीतको शुरुवात कहिलेदखि भयो भनेर कुनै निश्चित समय निर्धारण गर्न सकिदैन । नाट्यशास्त्रमा जाति गायनको चर्चा पाइन्छ । जातिलाई रागको जननिको रुपमा नाट्यशास्त्रभन्दा पछिका ग्रन्थकारले परिभाषित गरेका छन् । संगीतमा रागलाई स्वर तथा वर्णले विभूषित ध्वनि जुन आनन्ददायक हुन्छ भनी परिभाषित गरिएको छ । रागहरुलाई एक निश्चित समयमा प्रस्तुत गर्ने शास्त्रीय संगीतमा एक विशेषता नै छ । रागको अवधारणा आधुनिक होइन, यो त प्राचीन कालदेखि नै चलिआएको संगीतको साँचो र समृद्ध परम्परा हो । संगीत तथा साहित्यको दृष्टिले पनि अति महत्वपूर्ण पाँचौं शताब्दीतिर रचनाकाल मानिएको प्राचीन ग्रन्थ नाट्यशास्त्रमा जाति गायनको चर्चा पाइन्छ । जातिलाई रागको जननीको रुपमा परिभाषित गरिएको छ - *"सकलरागादेर्जन्महेतुत्वात् जातय"* (क्षीरसागर, १९९८ पृ. ९८) । स्वर वर्णद्वारा विभूषित ध्वनि जुन आनन्ददायक हुन्छ भन्दै गायनको सदर्भमा रागको प्रष्ट परिभाषा सातौंदेखि नवौं शताब्दीतिर रचना गरिएको मतंगमूनिको ग्रन्थ बृहदेशीमा पाइन्छ

*"योऽसौ ध्वनिविशेषस्तु स्वरवर्ण बिभूषित: ।*

*रंजको जनचित्तानां स च राग उदाहृत: ॥"* (क्षीरसागर, १९९८ पृ. १४४)

संगीत शास्त्रमा रागहरूलाई व्यवस्थित रुपमा राख्नको लागि प्राचीन कालदेखि वर्तमकान कालसम्म नै राग वर्गीकरणको परम्परा चलिआएको छ । मुख्य रुपमा रागमा प्रयोग हुने स्वरहरु तथा रागको भावरुपलाई ध्यानमा राखी वर्गीकरण गरिएको पाइन्छ । प्राचीनकालमा ग्रामराग र देशीराग दुई भागमा रागहरुलाई वर्गीकरण गरिएको छ । पाँच– सात गीतिहरुमा षडजग्राम र मध्यमग्राम अन्तर्गत ग्रामरागहरुलाई विभाजन गरिएको छ भने देशी रागलाई छुट्टै भागहरुमा राखिएको छ ।

## अध्ययनको उद्देश्य

हरेक रागको आफ्नै स्वरुप हुन्छ । राग स्वरुपलाइ बुझ्नको लागि आधुनिक कालमा जस्तो टेक्नोलोजी विकास नभएको कारणले प्राचीन तथा मध्यकालीन संगीतको प्रयोगात्मक पक्षको रेकर्ड उपलब्ध छैन । उपलब्ध संगीत शास्त्रग्रन्थहरुको आधारमा रागको प्राचीनता तथा परिवर्तनशील स्वरुपको अध्ययन गर्न सकिन्छ । राग बसन्तको विभिन्न कालखण्डमा कस्तो स्वरुप थियो, विभिन्न शास्त्रग्रन्थहरुमा यो रागको स्थान, वर्तमान सन्दर्भमा विभिन्न परम्परामा प्रचलित स्वरुप आदि विषयहरूमाथि चर्चा गर्दा रागको विस्तारित क्षेत्र देख्न सकिन्छ । राग बसन्तको बारेमा ज्ञान भण्डार वृद्धि गर्नु गराउनु यो अध्ययनको मुख्य उद्देश्य रहेको छ ।

## तथ्यांक संकलन र अध्ययन विधि

प्रस्तुत अध्ययनमा प्राथमिक श्रोत अन्तर्गत दुइजना संगीत विद्वानहरुसंग उद्देश्यमूलक छनोट विधि अपनाएर साक्षात्कार गरि प्राथमिक तथ्यांक तथा सहायक स्रोतहरु जस्तै– विभिन्न संगीत शास्त्र ग्रन्थहरुको अध्ययन, पुस्तकहरु, जर्नल, आदिद्वारा सहायक तथ्यांक संकलन गरी विश्लेषण गरिएको छ ।

## राग वर्गीकरणका विभिन्न पद्धतिहरूमा वसन्तको स्थान

ग्रामरागहरुमा राग वसन्तको उल्लेख पाइँदैन । रागाङ्ग, भाषाङ्ग, क्रियाङ्ग र उपाङ्ग चार भागहरुमा देशी रागहरुको वर्गीकरण संगीत रत्नाकर ग्रन्थमा गरिएको छ । त्यस अन्तर्गत पनि पूर्वप्रसिद्ध (पहिला प्रसिद्ध भएका) र अधुनाप्रसिद्ध (त्यतिबेला प्रचलित) दुई भागमा देशी रागहरुलाई बाँडिएको छ । देशी राग वर्गमा अधुना प्रसिद्ध रागाङ्ग अन्तर्गत राग बसन्तको उल्लेख पाइन्छ –

*"मध्यमादिर्मालवश्रीस्तोडी बङ्गालभैरवौं ।*

*वराटी गुर्जरी गौडकोलाहलवसन्तका: ॥१०॥*

*धन्यासीदेशिदेशाख्या रागाङ्गाणित्रयोदश ।"* (चौधरी, २०२० पृ.१८)

ग्रामरागहरु र देशी रागहरुमा मुख्य अन्तर राग नियमको मानिन्छ । ग्रामरागहरुमा कठोर नियम हुन्थ्यो । नियमको कठोरतालाई ध्यानमा नराखी इच्छाअनुसार स्वर प्रयोग गर्दा ग्राम राग पनि देशी रागको श्रेणीमा आउन्थ्यो । मार्गी र देशी संगीतको सन्दर्भमा मार्गी संगीतमा नियम कठोर हुन्थ्यो जसको पालन नगर्दा मार्गी संगीत लोप भएर देशी संगीत मात्रै प्रचलनमा रहँदै आएको छ भन्ने मान्यता छ । संगीत शास्त्रमा ग्रामरागहरुलाई मार्ग रागको श्रेणीमा राखिएको छ । ग्रामरागहरुको छायाँ आउने रागहरुलाई देशी रागको रागाङ्ग वर्गमा राखिएको छ । यस अर्थमा राग वसन्त ग्रामरागसंग स्वरुप मिल्ने प्राचीन राग हो भन्ने स्पष्ट हुन्छ ।

मध्ययुगमा राग वर्गीकरण पद्धति अन्तर्गत उत्तर भारतीय संगीतमा (जुन हाम्रो यहाँ पनि प्रयोगमा छ) राग रागिनी वर्गीकरण र दक्षिण भारतीय संगीतमा मेल वर्गीकरण दुइवटा पद्धतिहरु अस्तितवमा आएका देखिन्छन् । राग-रागिनी पद्धतिमा रागको भावरुपमा केन्द्रित रही रागमा पुरुषत्व, स्त्रीत्व तथा नपुंषकत्वको दर्शन गर्न खोजिएको देखिन्छ भने मेल वर्गीकरणमा रागको स्वररुपलाई महत्व दिएर राग वर्गीकरण गरेको पाइन्छ । राग रागिनी वर्गीकरण पद्धतिमा ५-६ प्रमुख पुरुष रागहरु तिनीहरुका ५-५

वा ६-६ स्त्री रागिनीहरु, रागहरुका पुत्रहरु र पुत्रबधुहरुको पनि भावात्मक कल्पना गरेको पाइन्छ । कुनै ग्रन्थकारले राग बसन्तलाई प्रमुख पुरुष रागहरुमा स्थान दिएका छन् भने कसैले राग पुत्रको रुपमा उल्लेख गरेको पाइन्छ ।

इस्वी सन् १९४० मा वाचनाचार्य सुधाकलशद्वारा रचित संगीत शास्त्रग्रन्थ संगीतोपनिषद्सारोद्वारमा ६ पुरुष रागहरुमा बसन्त पनि उल्लेख छ र आन्दोला, कैशिकी, प्रथममञ्जरी, गुण्डगिरी, देवशाखा र रामगिरी ६ रागिनीहरु बसन्तका स्त्रीको रुपमा उल्लेख गरिएका छन् । पन्ध्रौं शताब्दीको अन्त्यतिर रचित ग्रन्थ संगीत दामोदरमा पुरुष राग बसन्तका पाँच स्त्रीहरु आन्दोलिता, देशाख्या, लीला, प्रथममंजरी र मन्दारी मानिएका छन् । सोह्रौं शताब्दीको अन्त्यतिर पुण्डरीक विट्ठलद्वारा रचना गरिएको ग्रन्थ रागमालामा वसन्तको उल्लेख हिन्दोल रागको पुत्रको रुपमा पाइन्छ (ठाकुर, १९९८) । सत्रौं शताब्दीको आरम्भमा दामोदर पण्डितले रचना गर्नुभएको ग्रन्थ संगीतदर्पणमा राग वर्गीकरणका विभिन्न मतहरु पाइन्छन् । जस्तैः शिवमत, हनुमन्मत, रागार्णवमत आदि । शिवमत अनुसार वसन्त पुरुष राग र देशी, देवगिरी वराटी, तोडिका, ललिता र हिन्दोली वसन्तका ६ रागीणिहरु मानिएका छन् ( ठाकुर, १९९८) । राग-रागिनी वर्गीकरण पद्धतिमा विभिन्न मतभेदहरु छन् । हरेक मत अनुसार रागिनिहरु फरक देखिन्छन तर वसन्त् एक पुरुष प्रकृतिको राग हो भन्ने कुरामा सबै ग्रन्थकारहरुमा एकमत देखिन्छ ।

मध्ययुगीन मेल राग वर्गीकरण पद्धति स्वीकार गर्ने विभिन्न ग्रन्थकारहरुले राग वसन्तलाई पनि स्थान दिएको पाइन्छ । कसैले प्रमुख मेल रागहरुमा बसन्त उल्लेख गरी बसन्तका जन्य रागहरु दिएका छन् भने कसैले अन्य मेलहरुको जन्य रागमा बसन्त उल्लेख गरेका छन् । ७२ मेलहरुका रचनाकर्ता पं.प्यंकटमखीले इस्वी सन् १६२० देखि १६५० को मध्यतिर रचना गरेको संगीत शास्त्रग्रन्थ चतुर्डण्डिप्रकाशिकामा शंकराभरण मेलको जन्य रागहरुमा राग शुद्ध वसन्त उल्लेख गर्नुभएको छ । जनक मेल शंकराभरणलाई ७२ मेलहरुमा धीरशंकराभरण नाम दिइएको पाइन्छ र यो मेल उत्तर भारतीय संगीतको शुद्ध स्वरवाला विलावल थाट समान देखिन्छ (ठाकुर, १९९८) । आधुनिक कालमा प्रचलित थाट पद्धति अनुसार बसन्त पूर्वी थाट जन्य राग मानिन्छ जसमा रे, ध, कोमल, म तीव्र र बाँकी शुद्ध स्वर प्रयोग हुन्छन् ।


**बसन्त रागको ध्यान**

कुनै रागलाई एक व्यक्ति समान मानेर त्यसको व्यक्तित्व कल्पना गर्ने राग चित्र तथा राग ध्यान परम्परा पनि मध्ययुगमा प्रचलनमा आएको देखिन्छ । ध्यानद्वारा यस प्रकार राग वसन्तको चर्चा गरिएको छ -

*“मयूरपक्षोच्चकिरीटभूषितः समावृतश्चाल्किलैः समन्ततः*

*करे धृतं येन रसालयमञ्जरी सुपीतवासो रसिको वसन्तकः ॥”* (कलिंद, १९५६ पृ. १२७)

अर्थात मयूरहरुको प्वाँखहरुद्वारा बनाइएको अग्लो मुकुट जसले शिरमा धारण गरेका छन् र शोभायमान भइरहेको छ । चारैतिरबाट जसलाई भँवराहरुले घेरेका छन् । जसले आँपको बौर वा नयाँ कोपिला हातमा लिएका छन् । सुन्दर पहेंलो रंगको वस्त्र लगाएका ती रसिक बसन्त राग हुन् । रागमाला चित्रमा बसन्त ऋतुको सुन्दर प्रकृतिसँग जोड्दै राग वसन्तका अनेक चित्रहरु बनाइएका छन् (jaypore.com, tallengestone.com)



***चित्र १*** राग वसन्त (Joupore, 2021)



***चित्र २*** राग वसन्त (Tallenge Store, 2021)

**राग वसन्तको प्राचीन स्वरुप**

संगीत रत्नाकारमा राग वसन्तको लक्षण यस प्रकार दिइएको छ -

*“वसन्तस्तत्सभुद्भवः ।*

*पूर्णस्तल्लक्षणे देशीहिन्दोलोऽप्येषकथ्यते ॥९६॥”* (चौधरी, २०२० पृ. ६६) ।

अर्थात ग्रामराग हिन्दोलबाट उत्पन्न त्यसैको लक्षण भएको सप्तस्वरवाला यो वसन्तलाई देशी हिन्दोल पनि भनिन्छ । हिन्दोलको लक्षण यस प्रकार दिइएको पाइन्छ-

*“धैवत्यार्षभिकावर्जस्वरनामकजातिजः॥९३॥*
*हिन्दोलको रिधत्यक्त : षड्जन्यासग्रहांशकः ।*
*आरोहिणि प्रसन्नाद्ये शुद्धमध्याख्यमूर्छनः ॥९४॥*
*काकलीकलितो गेयो वीरे रौद्रेऽद्भुते रसे ।*
*वसन्ते प्रहरे तुर्ये मकरध्वजवल्लभः ॥९५॥*

*संभोगे विनियोक्तव्य:,"* (चौधरी, २०२० पृ. ६४) ।

अर्थात धैवती र आर्षभी जातिहरुलाई छोडेर बाँकी स्वरनाम भएका जातिहरुद्वारा उत्पन्न हिन्दोल ग्रामराग रे-ध नभएको, षडज स्वर ग्रह, अंश र न्यास भएको आरोही वर्णमा प्रसन्नादि अलंकारमा शुद्धमध्या नामको मूर्द्धनावाला काकलीद्वारा शोभित वीर, रौद्र, अद्भुत रसमा वसन्त ऋतुमा दिनको चौथो प्रहरमा गाइन्छ । जसको ध्वजामा माछा छ, यस्ता कामदेवलाई प्रिय यो रागलाई सम्भोग श्रृंगारमा प्रयोग गर्नुपर्छ । ग्रामराग हिन्दोलको उल्लेख संगीत रत्नाकर भन्दा पहिला बृहद्देशी ग्रन्थमा पनि पाईन्छ (ठाकुर, १९९८) ।

प्राचीन जाति गायन तथा मूर्च्छना आदि सँग सम्बन्धित ग्रामरागको लक्षण अहिले प्रचलित स्वर सप्तक तथा राग गायनको शैली अनुसार पूर्ण रुपमा बुझ्न नसकिने देखिन्छ । राग बसन्तको सन्दर्भमा ग्राम राग हिन्दोलको कठोर नियममा परिवर्तन भएर देशी राग वसन्त भएको उल्लेख छ । हिन्दोलमा रे, ध स्वर वर्जित भनिएको छ भने वसन्तलाई सम्पूर्ण स्वरवाला भनिएको छ । ग्रामराग हिन्दोल र त्यसैबाट उत्पन्न प्राचीनदेखि वर्तमानसम्म उल्लेख्य देशीराग वसन्तको गायन समय त्यतिबेला पनि वसन्त ऋतु नै मान्य छ ।

**मध्ययुगमा राग वसन्तको स्वरुप**

संगीत रत्नाकर ग्रन्थमा उल्लेख गरिएको राग वसन्तको राग लक्षणसँग मिल्दोजुल्दो लक्षण मध्ययुगका ग्रन्थकारहरुले पनि उल्लेख गरेको पाइन्छ । संगीत समयसार ग्रन्थमा आचार्य पार्श्वनाथ राग वसन्तको वर्णन यस प्रकार गर्नुहुन्छ -

*"मार्गहिन्दोलरागाङ्गं हिन्दोलो वेति संज्ञित:॥*
*अंश न्यासे ग्रहे षड्ज: तस्य तारे तु मध्यम : ।*
*षड्जस्वरो ताडितोरिध वर्जित: ॥*
*सपयो कम्पितश्चैव श्रृङ्गारे विनियुज्यते ।*
*अयमेव बसन्ताख्य: प्रोक्तो रागविचक्षणै: ॥"* (बृहस्पति, २००९ पृ. १३३)

अर्थात वसन्त वा हिन्दोल मार्गहिन्दोल रागको अंग हो । अंश, न्यास, ग्रह स्वर षड्ज हो । तारावधि मध्यम हो र मन्द्रावधि षड्ज हो जुन ताडित छ । ऋषभ- धैवत विहीन छ । षड्ज पंचम कम्पित छ । यसको प्रयोग विनियोग श्रृंगारमा हुन्छ । पंडित अहोबलले सत्रौं शताब्दीको अन्त्यतिर रचना गर्नुभएको ग्रन्थ संगीत पारिजातमा बसन्त रागलाई यसरी दर्शाउनुहुन्छ -

*"षड्जादिमूर्च्छने मान्ते गनी तीव्रौ वसंतके"* (कलिंद, १८५६ पृ. १२४)

अर्थात वसन्त रागमा षड्जुस्वरवाला उत्तरन्द्रा मूर्च्छना न्यास छ । गान्धार, निषाद दुवै तीव्र छन् ।

स्वर प्रस्तार -

*"सा रि ग म प ध नि सा सा नि ध प म प म ग सा । ग म प ध नि ध ध*
*म प म म ग सा । सा रि ग म प ध सा रि ग म प म ग रि स*
*सा नि ध प ध प म प म म ग म ग म प म ध ध प ग रि सा नि ध नि स स"*

यो बसन्त सम्पूर्ण स्वरवाला शुद्ध मेलको हो (कलिंद, १९५६ पृ. १२८) ।

**आधुनिककालमा राग वसन्तका विभिन्न स्वरुप**

***प्राथमिक तथ्यांकको विश्लेसण***

ध्रुपद र ख्याल गायन परम्पराका एक-एक जना विद्वान गायक कलाकार हरुसंग हिजोआज सामान्य चलनमा रहेको बसन्तको स्वरुप र वहाँ हरुको घरानामा प्रस्तुत गरिने राग स्वरुपमा के भिन्नता छ प्रस्ट पारिदिनुहोस भन्ने जिज्ञासा राखिएको थियो ।

***उत्तरदाता १-*** ख्याल परम्परामा ललित अंगद्वारा दुवै माध्यम प्रयोग गरी बसन्त राग गाउँछन् । हाम्रो ध्रुपद परम्परामा केवल तीव्र मध्यम प्रयोग गरेर गाउँछन् । मं ध़ सां नि ध़ प, मं ग मं ग यो बसन्तको मुख्य स्वर समूह हो । पूरिया धनाश्री र बसन्त रागमा प्रयोग हुने स्वर हरु एकै हुन् तर चलन भेदद्वारा राग अलग हुन्छन् ।

***उत्तरदाता २-*** ख्याल परम्परामा बसन्तको चलन २-३ प्रकारको छ । सामान्य चलनमा रहेको भन्दा फरक हाम्रो गुरुले भन्नुभएको बसन्तको एक प्रकार छ जसमा दुवै धैवत प्रयोग हुन्छन - आरोहमा शुद्ध र अवरोहमा कोमल- । यस किसिमको स्वर प्रयोग भएको बसन्त हाम्रो घरानामा मात्रै छ ।

बसन्त रागमा कोमल रे शुद्ध दुवै ध प्रयोग हुने एक नयाँ मं ध सां नि ध़ प प्रकार प्राप्त भएको छ । गुरु शिष्य घराना परम्परामा सामान्य चलनमा रहेका भन्दा फरक राग स्वरुप पनि रहेका हुन्छन भन्ने बुझिन्छ । ख्याल गायकीमा ललित अंग द्वारा शुद्ध म प्रयोग गरिन्छ तर ध्रुपद परम्परामा तिव्र म मात्रै प्रयोग हुने कुरा बाट बुझ्न सकिन्छ कि बसन्तमा ललित अंगको प्रयोग धेरै पछिबाट भएको हो किनभने गायन शैलीहरुको विकास क्रमलाई हेर्दा ध्रुपद शैली ख्याल भन्दा पहिला प्रचलनमा रहेको हो। हिजोआज ध्रुपद भन्दा ख्याल धेरै प्रयोगमा छ र ललित अंग - को प्रयोग बसन्त रागको एक अलग विशेषता नै भैसकेको छ ।

***पंचम बर्जित हुने***

आधुनिककालीन प्रमुख संगीत शास्त्रकार पं. विष्णुनारायण भातखण्डेले रे कोमल, दुवै मध्यम र बाँकी स्वर शुद्ध प्रयोग हुने प वर्जित, सा वादी, म संवादी भएको वसन्त रागको उल्लेख गर्नुभएको छ -

*"मृदू* सा म मंम ग *रिरितरे तीव्रा: पवर्ज्यश्च द्विमध्यम: ।*

*षड्जवादी मसंवादी वसंततों वसंतक:" ॥* (भातखण्डे, २०११ पृ. ३७२) ।

वर्तमान सन्दर्भमा वसन्तको यो प्रकार शास्त्रीय संगीतको कार्यकमहरुमा प्राय: सुन्न पाइँदैन । पंचम वंजित, रे कोमल, ध शुद्ध र दुवै मध्यम प्रयोग भएको वसन्त रागमा एक धमारको स्वरलिपि क्रमिक पुस्तक मालिकामा (भातखण्डे, २०११) पाइन्छ ।

बसन्त (प वर्ज्य प्रकार)

Peer Reviewed Research Article

Open Access

स्वरलिपि–धमार(बिलंबित)

**स्थायी**

[ग]मं ध नि सां | नि ध [ग]नि मं ग | [ग]मं नि | [ग]मं ग मं
भं व रा ऽ | फू ऽ ऽ ली ऽ | ब न | बा ऽ री
३ | x | २ | ०

ग रे़ सा - | [नि]सा सा - [ग]म - | ग ग | [ग]मं ध -
यां ऽ ऽ ऽ | क छु है ऽ ऽ | सु धि | तो हो ऽ
३ | x | २ | ०

[ग]नि - सां - | रें सां निं सां - | नि [ग]नि | [ग]मं ग -
कै ऽ ऽ ऽ | ना ऽ ऽ ऽ ऽ | हीं ऽ | रे ऽ ऽ
३ | x | २ | ०

**अन्तरा**

[ग]मं ध - सां सां | सां - | सां - निं | रें - सां -
म ध ऽ क त | पा ऽ | ए ऽ ऽ | ला ऽ ज ऽ
x | २ | ० | ३

[ग]नि रें - गं रें | सां सां | [ग]नि रें नि | मं - ग -
दु र ऽ ज न | त ज | खे ऽ ल | त ऽ ऽ ऽ
२ | २ | ० | ३

मं ध नि मं ध | मं ग | मं ग - | [ग]मं ध नि सां
है न र ना ऽ | री ऽ | यां ऽ ऽ | भं व रा ऽ
x | २ | ० | ३

**संचारी**

[नि]सा सा - म म | म - | म म - | [ग]म म ग ग
भू ल्यो ऽ कि त | हो ऽ | ल त ऽ | हु त उ त
x | २ | ० | ३

| | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| (ध)म॑ | ध | - | नि | सां | नि | (ध)नि | (ध)म॑ | ग | - | म॑ | ग | रे॒ | सा |
| तु | म | ऽ | जा | | न | त | जि | त | ऽ | ऽ | ति | त | ऽ |
| x | | | | | २ | | ० | | | ३ | | | |
| गम | म | ग | (ध)म॑ | - | ध | - | नि | ध | नि | म॑ | - | ग | - |
| पु | हु | प | की | ऽ | ऽ | ऽ | डा | ऽ | ऽ | री | ऽ | ऽ | ऽ |
| x | | | | | २ | | ० | | | ३ | | | |

**आभोग**

| | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| (ध)म॑ | - | ध | सां | - | - | सा | सां | - | - | (नि)सां | रे | सां | - |
| मे | ऽ | ऽ | री | | ऽ | क | ही | ऽ | ऽ | ऽ | ऽ | त् | ऽ |
| x | | | | | २ | | ० | | | ३ | | | |
| (ग)नि | रे॒ | गं | रे॒ | - | सां | - | (ग)नि | - | - | रे॒ | नि | म॑ | ग |
| मा | ऽ | न | ले | | ऽ | ऽ | ऽ | ऽ | ऽ | अ | घु | म्म | ऽ |
| x | | | | | २ | | ० | | | ३ | | | |
| (नि)सा | - | - | (ग)म | - | ग | - | (ध)म॑ | - | ध | सां | - | - | - |
| मैं | ऽ | ऽ | तो | ऽ | है | ऽ | दे | ऽ | ऽ | खों | ऽ | ऽ | ऽ |
| x | | | | | २ | | ० | | | ३ | | | |
| नि | ध | नि | म॑ | म॑ध | म॑ | - | म॑ | ग | - | म॑ | ध | नि | सां |
| नि | प | ऽ | ट | अऽ | ना | ऽ | री | रे | ऽ | भँ | व | रा | ऽ |
| x | | | | | २ | | ० | | | ३ | | | |

***कोमल गान्धार स्वर प्रयोग हुने***

कोमल ग स्वर प्रयोग हुने वसन्तको प्रकार अप्रसिद्ध भएको उल्लेख पाइन्छ (भातखण्डे, २०११) । यो रागको परिचय सहित एक बदिश प्राप्त भएको छ । रे, ग र ध स्वर कोमल म तीव्र प्रयोग हुने वसन्तको यो प्रकार तोडी थाट जन्य राग हो । आरोहमा रे, प, वर्जित र अवरोह सम्पूर्ण हुन्छ । उत्तरांग प्रधान राग हो । रागको परिचय सहित एक तीनतालमा निबद्ध बन्दिश लेखकले आफ्नो पुस्तकमा उल्लेख गर्नुभएको छ (शुक्ल, १९८६) ।

बंदिशको स्वरलिपि-

**साम बसन्त (कोमल गंधारका) त्रिताल (मध्यलय)**

स्थायी - रितु बसन्त सखी आई सुहावन
अन्तरा - पत बसन नर नारी पहने, सबके मनको अति ही अति ही अवन ।

**स्थायी**

| | | | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| सां | नि | ध॒ | प | म॑ | ग॒ | म॑ | ग॒ | म॑ | ध॒ | म॑ | म॑ | ग॒ | रे॒ | सा | सा |
| रि | तु | ब | सं | ऽ | त | स | खी | आ | ऽ | ई | सु | हा | ऽ | व | न |
| ० | | | | ३ | | | | × | | | | २ | | | |

**अन्तरा**

| | | | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| म॑ | - | ध॒ | ध॒ | सां | सां | सां | सां | म॑ | - | गं॒ | म॑ | गं॒ | रें॒ | सां | - |
| प | ऽ | त | ब | स | न | न | र | ना | ऽ | री | ऽ | प | ह | ने | ऽ |
| ० | | | | ३ | | | | × | | | | २ | | | |
| रें | नी | ध॒ | प | म॑ | ग॒ | म॑ | ग॒ | म॑ | ध॒ | म॑ | - | ग॒ | रे॒ | सा | सा |
| सा | ब | के | ऽ | म | न | को | ऽ | अ | ति | ही | ऽ | आ | ऽ | व | न |
| ० | | | | ३ | | | | × | | | | २ | | | |

***सर्वाधिक प्रचलित***

वर्तमान सन्दर्भमा प्रचलित राग वसन्तमा रे, ध कोमल, ग, नि शुद्ध र दुवै म प्रयोग भएका हुन्छन् । सप्तकको उत्तरांग प्रधान रहने यो रागमा वादी स्वर तार सां र संवादी प मानिन्छ । आरोहमा प्राय: रे र प वर्जित गरिन्छ र अवरोह सम्पूर्ण हुन्छ ।

आरोह - सा ग म॑ ध॒ रें सां ।
अवरोह - रें नि ध॒ प, म॑ ग म॑ - ग, म॑ ग रे सा
मुख्य स्वरुप - म ध॒ रें॒ सां, नि ध॒ प, म॑ ग म॑-ग ।

दुई प्रकारबाट शुद्ध मध्यमको प्रयोग भएको पाइन्छ - सा म ग । अर्को ललित अंगको रुपमा -

वसन्त रागमाशुद्ध सा म, म॑म ग । म को प्रयोग रागको सुन्दरता बढाउनको लागि गरिन्छ । रागको शुद्ध स्वरुप झल्काउनको लागि शुद्ध म स्वर आवश्यक नभएको उल्लेख पनि संगीत विद्वान्ले गरेका छन् (पटवर्धन, १९६२ : ११७) । रागको प्रकृतिको बारेमा विद्वान संगीतज्ञको बिचार यस प्रकारको छ- बसन्त रागको प्रकृति कहीं चंचल कहीं गम्भीर मिश्र हुन्छ। तार सप्तक प्रधान हुनाले तरल भाव देखिन्छ र मींडको प्रयोग धेरै हुनाले रागले गम्भीर भाव पनि धारण गर्छ। रे ध कोमल, तीव्र म स्वर प्रयोग र तारगति हुनाले विप्रलंभ-शृंगार, प्रियजन संगको वियोग जस्ता भावहरु यो रागमा मुख्य रूपमा अनुभव हुन्छ। शुद्ध म को प्रयोगले बसन्त रागमा केहि क्षणको लागि उल्लास भाव दर्शन हुन्छ तर फेरी तिनै रे ध कोमल म तीव्र स्वरहरुले विरह अवस्थाका भावहरु सुनिन्छन (ठाकुर, १९९८) ।

मधु ऋतु वसन्त आयो हेर
नाचौं गाऔं खुशी मनाऔं
चैत महिना मन चञ्चल भयो
अब त उसैको दर्शन पाउँ ।

वसन्त त्रिताल मध्यलय

<u>स्थायी</u>

| | | | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| ध॒ | सां | नि | ध॒ | प | मं | - | ग | (ध)मं | ध॒ | नि | सां | रें॒ | सां | सां | - |
| म | धु | ऋ | तु | ब | स | ऽ | न्त | आ | ऽ | यो | ऽ | हे | ऽ | र | ऽ |
| ० | | | | ३ | | | | × | | | | २ | | | |
| मं | ग | ग | मं | ग | रे॒ | सा | - | म | - | म | म | गम | मं | म | ग |
| ना | ऽ | चौं | ऽ | गा | ऽ | औं | ऽ | खु | ऽ | शी | मा | नाऽ | ऽ | औं | ऽ |
| ० | | | | ३ | | | | | | | | २ | | | |

<u>अन्तरा</u>

| | | | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| मं | - | ग | - | (ध)मं | - | ध॒ | मंध॒ | सां | सां | सां | नि | रें॒ | रें॒ | सां | - |
| चै | ऽ | त | म | हि | ऽ | ना | ऽऽ | म | न | चं | ऽ | च | ल | भ | यो |
| ० | | | | ३ | | | | × | | | | २ | | | |
| नि | निरें | नि | ध॒ | प | - | मं | ग | म | ग | मं | ग | रे॒ | - | सा | - |
| अ | बऽ | त | उ | सै | ऽ | को | ऽ | द | र्श | ऽ | न | पा | ऽ | उँ | ऽ |
| ० | | | | ३ | | | | × | | | | २ | | | |

राग बसन्त संग मिल्दोजुल्दो राग परज मानिन्छ । तर परज रागमा बारम्बार प्रयोग हुने स्वर समूहहरु मध्य तथा द्रुत गतिमा मींडको प्रयोग नगरी उच्चार गरिन्छन तर बसन्त रागका मुख्य स्वर समूह हरु मं ध॒ सां --रें नि ध॒ प, ध॒मंप मं ग मं--ग, मं ग रे॒ सा , सा म मंम ग, मं ध॒ रे॒ सां आदि मध्य तथा विलम्बित गतिमा मींडको साथ उच्चार गरिन्छन जसले गर्दा दुवै रागको प्रकृति फरक हुन जान्छ। परज चंचल स्वभावको राग मानिन्छ भने वसन्त गम्भीर । पुरिया धनाश्री, वसन्त तथा परज रागहरु लाई समस्वरिक भन्न मिल्छ तर चलन भेदद्वारा रागको प्रकृति तथा स्वरुप एक अर्का भन्दा फरक हुन जान्छ । ललित अंग को प्रयोग वसन्तमा मात्रै हुन्छ । बसन्त रागको समय बसन्त ऋतुमा जुनसुकै बेला गाइने बजाइने भए पनि सामान्य रूपमा मध्यरात्री भन्दा पछि रातको चौथो प्रहर मान्य छ । प्रचलित बसन्त रागमा बन्दिश स्वरलिपि (ढकाल,२०४६) ।

**निष्कर्ष**

वर्तमान समयमा बिशेष गरि बसन्त ऋतुमा प्रस्तुत गरिने राग बसन्तको सम्बन्ध प्रचीन ग्राम रागसँग जाडिएको पाइन्छ । प्रयोगात्मक रुपमा प्राचीन तथा आधुनिक कालको राग स्वरुपको प्रमाण उपलब्ध नभएकाले शास्त्रग्रन्थहरूमा लिखित प्रमाणको आधारमा मात्रै त्यतिबेलाको राग स्वरुप सहज रुपमा बुझ्न सकिएको छैन, उल्लेख मात्र गरिएको छ । वर्तमान सन्दर्भमा पनि एउटै राग बसन्तलाई फरक फरक स्वरहरूको प्रयोग गरी प्रस्तुत गरेको पाइयो । रागको क्षेत्र विस्तृत हुन्छ भन्ने कुरा बसन्त रागको अध्ययनबाट बुझ्न सकिन्छ । रागमा स्वर हुन्छन्, स्वरमा नादहरु हुन्छन र नाद लाइ हाम्रो पूर्वीय दर्शनमा अनन्त नादब्रम्हा को संज्ञा दिइएको छ । मनमोहक प्राकृतिक वातावरण हुने ऋतु बसन्तमा राग बसंतको गायन वादन हुने परम्परा आधुनिक अवधारणा मात्र नभएर पहिलेदेखि नै चलि आएको देखिन्छ ।

**सन्दर्भ**


क्षीरसागर, डी. बी. (सन १९९८) *मतंगमूनिकृत बृहद्देशी,* जयपुर: पब्लिकेशन स्कीम ।

चौधरी, सुभद्रा (सन २०२०) *शार्ङ्देवकृत संगीतरत्नाकर,* नई दिल्ली: राधा पब्लिकेशन ।

ठाकुर, पं. ओकारनाथ (सन १९९८) *संगीतांजलि षष्ठ भाग,* मुम्बई: पं. ओमकारनाथ ठाकुर मेमोरियल ट्रष्ट ।

कलिन्द, पंडित (सन १९५६), *अहोबलकृत संगीत पारिजात,* हाथरस: संगीत कार्यालय ।

बृहस्पति, आचार्य (सन २००९), *आचार्य पार्श्वनाथकृत संगीत समयसार,* दिल्ली : भारतीय यज्ञानपीठ : ।

भातखण्डे, विष्णु नारायण (सन २०११), *क्रमिक पुस्तक मालिका भाग ४,* इलाहाबाद: संगीत सदन प्रकाशन ।

पटवर्धन, विनायक नारायण (सन १९६२), *राग विज्ञान प्रथम भाग,* पुणे: संगीत गौरव ग्रन्थमाला ।

शुक्ल, टी. आर.(सन १९८६), *नवनिर्मित एवं अप्रचलित राग मंजरी एवं शास्त्र* ।

ढकाल, नरराज (२०४६), *शास्त्रीय गायन,* कमलादी काठमाडौं: नेपाल राजकीय प्रज्ञा- प्रतिष्ठान ।

Joupore, (2021). *Krishna Series (Raagmala Series/Raag Basant) Miniature Painting 15in x 11.5in* Retrieved on 26 Sept. 2021 from https://www.jaypore.com/multi-color-krishna-series-raagmala-raag-basant-15in-x-115in-natural-vegetable-stone-colors-pigments-on-paper-p72920?view=all

Tallenge Store, (2021). *Raga Basant - Indian Miniature Paintings - Art Prints* Retrieved on 26 Sept. 2021 from https://www.tallengestore.com/products/raga-basant-indian-miniature-paintings-art-prints